आ.व.२०८२।८३

**बैठक नं ५**

समयः बजे मितिः२०८२/०८/२२

यस छत्रकोट गाउँपालिका गाउँकार्यपालिकाका अध्यक्ष श्री राम प्रसाद पाण्डेयज्यूको अध्यक्षता तथा तपसिलबमोजिमका कार्यपालिका पदाधिकारीहरूको उपस्थितिमा कार्यपालिकाको बैठक बसी निम्नअनुसारको प्रस्ताव माथि छलफल गरी देहाय अनुसारका निर्णय गरियो।

तपशिल

| क्र.स. | नाम थर | पद | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १. | श्री राम प्रसाद पाण्डेय | गाउँपालिका अध्यक्ष | | |
| २. | श्री सावित्रा ज्ञवाली | गाउँपालिका उपाध्यक्ष | | |
| ३. | श्री घनश्याम न्यौपाने | वडा नं १ वडा अध्यक्ष | | |
| ४. | श्री नरेन्द्र वहादुर पल्ली | वडा नं २ वडा अध्यक्ष | | |
| ५. | श्री तेजकान्त अर्याल | वडा नं ३ वडा अध्यक्ष | | |
| ६. | श्री गुणाकर ज्ञवाली | वडा नं ४ वडा अध्यक्ष | | गाउँकार्यपालिका प्रवक्ता |
| ७. | श्री वीरवहादुर सोमै | वडा नं ५ का.वा.वडा अध्यक्ष | | |
| ८. | श्री नारायण रेश्मी | वडा नं ६ वडा अध्यक्ष | | |
| ९. | श्री कमला ज्ञवाली | कार्यपालिका सदस्य | | |
| १०. | श्री देवकी पन्त | कार्यपालिका सदस्य | | |
| ११. | श्री भगवती न्यौपाने | कार्यपालिका सदस्य | भगवती | |
| १२. | श्री सावित्रा वि.क. | कार्यपालिका सदस्य | | |
| १३. | श्री चन्द्र वहादुर सार्की | कार्यपालिका सदस्य | | |
| १४. | श्री राम वहादुर वि.क. | कार्यपालिका सदस्य | | |
| १५. | श्री राजन पाण्डे | सदस्य सचिव | | |

अन्य उपस्थितीहरू

| क्र.स. | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | हरि खड्का | योजना शाखा प्रमुख | |
| | | | |
| | | | |
| | | | |
| | सावित्रा पाण्डे भण्डारी | का. स. | |

मिति २०८२/८/२२ गते बसेको कार्यपालिका बैठकका प्रस्तावना तथा निर्णयहरु बैठक नं ५

समयः-साँझ ५ बजे

स्थानः- छत्रकोट-६,खर्ज्याङ्ग,कभर्डहल

**प्रस्तावनाहरु:**

| क्र.स | कार्यसूचीको विषय | प्रस्तुतकर्ता | कैफियत |
|---|---|---|---|
| १. | अघिल्लो कार्यपालिका बैठकका निर्णय कार्यन्वयन समीक्षा सम्बन्धमा । | अध्यक्षज्यूको अनुमतिमा प्र.प्र.अ बाट | |
| २. | UWS Program का लागि स्रोत सुनिश्चितता सम्बन्धमा। | अध्यक्षज्यूबाट | |
| ३. | एकीकृत घुम्ति शिविर सञ्चालन सम्बन्धमा। | अध्यक्षज्यूको अनुमतिमा प्र.प्र.अ बाट | |
| ४. | रुरुक्षेत्र गा.पा. सँगको साझेदारीमा शव दाह स्थल निर्माणका लागि बजेट व्यवस्था सम्बन्धमा। | अध्यक्षज्यूको अनुमतिमा प्र.प्र.अ बाट | |
| ५. | सशस्त्र प्रहरी बल नेपाल,नं ३७ गुल्म हे.क्वा.,गुल्मीको जस्तापाता सहयोग माग सम्बन्धमा। | अध्यक्षज्यूको अनुमतिमा प्र.प्र.अ बाट | |
| ६ | अगाह-मनभाग-ढकान कृषक समूह छत्रकोट-४ लाई नयाँ आलु पकेट विकास कार्यक्रमका लागि छनोट गरी सम्झौता गर्ने सम्बन्धमा। | अध्यक्षज्यूको अनुमतिमा प्र.प्र.अ बाट | |
| ७. | च्याउ प्रवर्धन कार्यक्रम सञ्चालन सम्बन्धमा। | अध्यक्षज्यूको अनुमतिमा प्र.प्र.अ बाट | |
| ८. | छत्रकोट गाउँपालिका गाउँसभाको २१औं अधिवेशन आह्वान सम्बन्धमा। | अध्यक्षज्यूबाट | |
| ९ | आ.व. २०८२।८३ को प्रथम चौमासिक सार्वजनिक सुनुवाई कार्यक्रम सम्बन्धमा। | अध्यक्षज्यूको अनुमतिमा प्र.प्र.अ बाट | |
| १० | नव निर्मित प्रशासकीय भवनमा फर्निचर तथा फर्निसिङ्ग व्यवस्थापनको लागि परामर्श सेवावाट डि.पि.आर गराउने प्रयोजनका लागि तयार गरिएको टि.ओ.आर स्वीकृत गर्ने सम्बन्धमा। | अध्यक्षज्यूको अनुमतिमा प्र.प्र.अ बाट | |
| ११ | निशुल्क विद्युत महशुल छुट (२० युनिट सम्म) कार्यक्रम अन्तर्गत चैत्र महिना सम्मको रकम उपलब्ध गराउने सम्वन्धमा। | अध्यक्षज्यूबाट | |
| १२ | विविध | | |

**निर्णयहरु:**

१. छत्रकोट गाउँपालिका गाउँकार्यपालिकाको मिति २०८२ कार्तिक २७ गते बसेको बैठकका निर्णय कार्यन्वयनको अवस्था बारेमा समिक्षा गरियो, निर्णय कार्यान्वयनको अवस्था सन्तोषजनक रहेको पाइयो। साथै हालसम्म चालु खर्च २३.२४ प्रतिशत,पुँजीगत खर्च २.८५ प्रतिशत गरी जम्मा १५.८७ प्रतिशत खर्च भएको पाइयो।

२. छत्रकोट गाउँपालिका र युनाइटेड वर्ल्ड स्कुल्स नेपाल बीच मिति २०८२/८/१६ गते UWS Program कार्यान्वयनका सम्बन्धमा भएको सम्झौता अनुमोदन गर्ने निर्णय गरियो। साथै सम्झौताबमोजिम

गाउँपालिकाले उपलब्ध गराउनुपर्ने भनिएका सामग्रीहरु उपलब्ध गराउन आवश्यक पर्ने स्रोत सुनिश्चितता गरी अनुमोदनका लागि गाउँसभामा पेस गर्ने निर्णय गरियो।

३. योजना सम्झौता,व्यवसाय दर्ता तथा नवीकरण,अपाङ्गता परिचय पत्र वितरण र ज्येष्ठ नागरिक परिचयपत्र वितरणलगायत एकीकृत घुम्ती शिविर देहायको स्थान र मितिमा सञ्चालन गर्ने निर्णय गरियो।

देहायः

| सि.नं. | मिति | स्थान (वडा कार्यालय) | कैफियत |
|---|---|---|---|
| १ | २०८२/०९/०२ | वडा नं.२ पल्लिकोट | |
| २ | २०८२/०९/०३ | वडा नं ३ हर्दिनेटा | |
| ३ | २०८२/०९/०४ | वडा नं ४ दिगाम | |
| ४ | २०८२/०९/०६ | वडा नं ५ खर्ज्याङ्ग | |
| ५ | २०८२/०९/०७ | वडा नं १ हुँगा | |
| ६ | २०८२/०९/०८ | वडा नं ६ दौघा | |

४. रुरुक्षेत्र गाउँपालिका च.नं.४८६, मिति २०८२/०८/०८ गतेको बजेट व्यवस्था सम्बन्धमा विषयको पत्रमार्फत् यस गाउँपालिका सँगको साझेदारीमा शव दाह स्थल निर्माणका लागि कम्तिमा रु १० लाख बजेट व्यवस्थाको लागि अनुरोध भईआएबमोजिम खर्च नहुने स्रोतवाट रु १० लाख रकम व्यवस्था गरी अनुमोदनका लागि गाउँसभामा पेस गर्ने निर्णय गरियो। साथै साझेदारी गर्ने सम्बन्धमा रुरुक्षेत्र गाउँपालिकालाई प्रतिबद्धता पत्रसमेत पठाउने निर्णय गरियो।

५. सशस्त्र प्रहरी बल नेपाल,नं ३७ गुल्म हे.क्वा.,गुल्मीको जस्तापाता सहयोग माग सम्बन्धी पत्रको सम्बन्धमा छलफल गर्दा जस्तापाताको सङ्ख्या वा सहयोग रकम किटान नगरेको हुँदा अन्य छिमेकी पालिकासँग समेत समन्वय गरी अधिकतम रु ५०,०००।–(अक्षरेपी रु पचास हजार मात्र) को जस्तापाता मिल्दो बजेट शीर्षकवाट खरिद गरी उपलब्ध गराउने निर्णय गरियो।

६. अगाह-मनभाग-ढकान कृषक समूह छत्रकोट-४ लाई नयाँ आलु पकेट विकास कार्यक्रमका लागि छनोट गरी सम्झौताको प्रक्रिया अगाडि बढाउने निर्णय गरियो।

७. च्याउ प्रवर्धन कार्यक्रम,बजेट रु १ लाखको कार्यक्रम अन्तर्गत च्याउ खेती सम्बन्धी तालिम सञ्चालन गर्ने र बिउ वितरण गर्ने निर्णय गरियो। साथै वडा नं १ र २ , वडा नं. ३ र ४ ,वडा नं ५ र ६ अन्तर्गत दुई दुई वडाको पायक पर्ने एक /एक स्थानमा तालिम सञ्चालन गर्ने निर्णय गरियो।

८. छत्रकोट गाउँपालिका गाउँसभाको २१औं अधिवेशन मिति २०८२/०९/०९ गतेका लागि आह्वान गर्ने निर्णय गरियो।

९. आ.व. २०८२।८३ को प्रथम चौमासिक सार्वजनिक सुनुवाई कार्यक्रम मिति २०८२/०९/११ गते वडा नं ४ दिगाममा गर्ने निर्णय गरियो।

१०. नव निर्मित प्रशासकीय भवनमा Interior DPR परामर्श सेवामार्फत गराउने प्रयोजनका लागि तयार गरिएको टि.ओ.आर स्वीकृत गर्ने निर्णय गरियो।

११. निःशुल्क विद्युत महशुल छुट (२० युनिटसम्म) कार्यक्रम अन्तर्गत चैत्र महिना सम्मको प्रति ग्राहकको प्रतिमहिना रु ३० का दरले नेपाल विद्युत प्राधिकरण रिडी उप वितरण केन्द्र, दिगाम सामुदायिक ग्रामीण विद्युतीकरण उपभोक्ता समिति र दियोज्योति सामुदायिक ग्रामीण विद्युतीकरण उपभोक्ता समूहलाई उपलब्ध गराउने निर्णय गरियो।

१२. नव निर्मित खर्ज्याङ्ग स्वास्थ चौकी भवनमा आवश्यक थप कार्य गर्नका लागि रु १,००,०००/- (अक्षेरपी एक लाख मात्र) बजेट व्यवस्था गर्ने निर्णय गरियो।